लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८३ /०८४ मिति: २०८३/०६/२०

च.नं.:

## लमही अस्पतालका लागि केमिकल तथा रिएजेन्ट किट (प्रोप्राइटरी) सामग्री खरिदको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रकाशित मिति: २०८३/०६/२१**

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ अन्तर्गत लमही अस्पतालको लागि आ.व.२०८३/०८४ मा तपशिल बमोजिमका **मेशिनरी उपकरणमा प्रयोग हुने केमिकल तथा रिएजेन्ट किट (प्रोप्राराईटरी मालसामान)** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ १(क) बमोजिम खरिद गर्नुपर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन २०८३/०६/२७ गते यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व रा.बा.बैक लमही, दाङ खाता नं. ४२९०१००३०१०१०००२ मा रु १०००/- राजश्व वमोजिमको दस्तुर बुझाइ सक्नुपर्नेछ ।

२. यो सूचना प्रकाशन भएको मितिले ८ औं दिन मिति २०८३/०६/२८ दिनको १२:०० वजेसम्म दर्ता गराई आफ्नो व्यवसाय दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र तथा आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी सक्नुपर्ने छ र सो समयमा पेश हुन आएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा सोही दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्रदाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा.वैक लमही ,दाङ धरौटी खाता नं. ४२९०१००३०३००००००२ मा जम्मा गरेको बैक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैक ग्यारेन्टी दरभाउपत्र साथ पेस गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

३. यस कार्यालयले उपलब्ध गराएको BOQ मा उल्लेख भएको केमिकल तथा रिएजेन्ट किट सामग्रीको स्पेशिफिकेशन BOQ मा भए बमोजिमको हुनुपर्नेछ ।

४. दरभाउपत्र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन हुनेछ ।

५. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. २०८३/०८४ को लागि भएकोले असाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धिलाई स्वीकार गरिने छैन ।

६. केमिकल तथा रिएजेंट किट म्याद समाप्त हुने हकमा पूर्ण म्यादको कम्तीमा पनि ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्नेछ र GMP Certified कम्पनीको हुनुपर्नेछ ।

७. आपूर्ति हुने मालसामानको प्रत्येक प्याकेजिङ्गमा उत्पादन मिति, **Expire Date**, व्याच नम्बर अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।

८. भुक्तानी बिल संगै औषधि तथा सर्जिकल सामग्रीहरुको **Batch No.** र **Expiry Date** समेत उल्लेख हुनुपर्नेछ र भौतिक गणना गर्दा बिलमा उल्लेख भएको **Batch No.** र **Expiry Date** केमिकल तथा रिएजेन्ट किट सामग्रीहरुमा उल्लेख भए अनुरुप मेल खानु पर्नेछ ।

९. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट गरेको ठाँउमा सही छाप गरेको हुनुपर्नेछ।

१०. दरभाउपत्र प्रत्येक युनिट अनुसार मूल्यांकन गरिनेछ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

११. सार्वजिनक खरिद नियमावली,२०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको, पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।स्वःघोषणा पेश नगरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन ।

१२. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ तथा अन्य प्रचालित कानुन बमोजिम हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय
लमही नगरपालिका
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१३. तपशिल बमोजिमको उपकरण

| क्र.स | उपकरणको नाम | कम्पनिको नाम | मोडेल नं |
|---|---|---|---|
| 1. | Culter Counter (5part) | SWELAB 5 PARTS LUMI ,SYSMAX 5 PARTS | 1620040 |
| 2. | Clia Maglumi 2000 | SNIBE | M2000 |
| 3. | Automatic Hematology Cell Counter 5part | SYSMAX | XNL-350 |
| 4. | D-10 Hemoglobin Testing Machine | BIO-RAD | 12010405 |
| 5. | Specfic Protien Analyser Terbidometry | AGAPPE DIAGNOSTICS | MISPA-I2 |
| 6. | Fia Machine | WONDFO FINECARE | 3 PLUS |
| 7. | Fully Auto Bio-Chemistry Analyzer | SNIBE | Bioassay 240+ |

१४ .

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं. | सामग्रीको विवरण | फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १. | ०१-ल्याब सेवा - ०८३/०८४ | केमिकल रिएजेन्ट तथा किट सामग्री । | १,०००/- | ६६,२६५/-(रु छैसठ्ठी हजार दुई सय पैसठ्ठी) |

........................

श्रीधर के.सी.

प्रमुख प्रशासकीय अधिकृत

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner